**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २६ अप्रेल २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ जब युवाहरु राष्ट्र निर्माणमा भाग लिन्छन्, राष्ट्रको विकास तीव्र गतिमा हुँदछ र उनीहरुले विश्वमा आफ्नो पहिचान बनाउँदछन्।
- सूचना तथा प्रसारण मन्त्रालयले सबै मीडिया चैनलहरुका लागि परामर्श जारी गरेको छ।
- पश्चिम बंगाल को सरकारी स्कूलहरुमा शिक्षकहरु अनि गैर-शिक्षण कर्मिहरुको वेतन पोर्टल बाट "दागी" नाम हटाइने प्रक्रिया शुरू भएको छ |
- गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा नेपाली साहित्यका मूर्धन्य साहित्यकार शिवकुमार राईको 107 औं जन्म जयन्ती समारोह सम्पन्न भएको छ।
- खरसाङ महकुमा खेलकूद संघको आयोजनामा भोलि देखि चानमारी खेल मैदानमा स्व दिवस लामा स्मृति अण्डर १७ खरसाङ प्रिमियर लिग फुटबल टुर्नामेन्ट शुरु हुने भएको छ।

**प्रधानमंत्री-रोज़गार मेला**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ जब युवाहरु राष्ट्र निर्माणमा भाग लिन्छन्, राष्ट्रको विकास तीव्र गतिमा हुँदछ र उनीहरुले विश्वमा आफ्नो पहिचान बनाउँदछन् । प्रधानमन्त्रीले आज विभिन्न सरकारी विभाग र संगठनहरूमा नवनियुक्त 51 हजार भन्दा बढ़ी युवाहरूलाई रोजगार मेलामा वीडियो कन्फरेन्सिङको माध्यमले नियुक्ति पत्र प्रदान गर्नुभयो। श्री मोदीले भन्नुभयो आज नियुक्ति पत्र प्राप्त गर्ने युवाहरूको काँधमा देशको अर्थव्यवस्था र आन्तरिक सुरक्षालाई सुदृढ पार्ने, आधुनिक पूर्वाधार विकास गर्ने र श्रमिकहरूको जीवनमा परिवर्तन ल्याउने ठूलो जिम्मेवारी छ। उहाँले भन्नुभयो युवाहरू आफ्नो कामप्रति जति इमान्दार हुन्छन्, त्यति नै यसले भारतलाई विकसित भारत बन्ने यात्रामा मद्दत गर्नेछ। उहाँले भन्नुभयो यसले लाखौं सूक्ष्म, लघु र मध्यम उद्यमहरू, साना उद्यमीहरूलाई प्रोत्साहन दिने मात्र नभएर देशभरि नयाँ रोजगारीका अवसरहरू पनि खोल्नेछ।प्रधानमन्त्रीले केही दिनमा मुम्बईमा विश्व अडियो विजुअल र मनोरंजन शिखर सम्मेलन वेव्स 2025 आयोजना हुन लागेको बताउनुभयो।

****** ० *****

**सूचना प्रसारण-मीडिया परामर्श**

सूचना तथा प्रसारण मन्त्रालयले सबै मीडिया चैनलहरुका लागि परामर्श जारी गरेको छ। यसमा, राष्ट्रिय सुरक्षाको हितमा आतंकवाद विरोधी अभियान र सुरक्षा बलका गतिविधिहरूको लाइव कवरेजबाट टाढा रहन उनीहरूलाई सल्लाह दिइएको छ। मन्त्रालयले मीडियालाई रक्षा अभियान वा गतिविधिहरूसित सम्बन्धित स्रोतमा आधारित सूचनाको रिपोर्टिङबाट टाढा रहन पनि सल्लाह दिएको छ। मन्त्रालयले भनेको छ संवेदनशील सूचनाको समयपूर्व खुलासा राष्ट्रविरोधी तत्वहरूलाई सहयोगी साबित हुन सक्छ र अभियानको प्रभावकारिता र सुरक्षाकर्मीहरूको सुरक्षालाई खतरामा पार्न सक्छ। मन्त्रालयले विगतका घटनाहरूले जिम्मेवार रिपोर्टिङको महत्त्वलाई उजागर गरेको बताएको छ। करगिल युद्ध, मुम्बई आतंकी हमला र कंधार अपहरण जस्ता घटनाहरूको बेला अनियन्त्रित कभरेजले राष्ट्रिय हितलाई प्रतिकूल असर पारेको थियो।

****** ० ******

**शिक्षा विभागको लापरवाही**

पश्चिम बंगाल को सरकारी स्कूलहरुमा शिक्षकहरु अनि गैर-शिक्षण कर्मिहरुको वेतन पोर्टल बाट "दागी" नाम हटाइने प्रक्रिया शुरू भएको छ | फिलहाल जिला स्कूल निरीक्षकहरुलाई यस काम मा शुरुआत देखि नै समस्याको सामना गर्न परिरहेको छ | शिक्षा विभाग का सूत्रहरु अनुसार,कयौं शिक्षक आपसी सहमतिले अन्य स्कूलहरुमा स्थानांतरित भएका छन् | जबकि यी

स्थानांतरण हरुका रिकॉर्ड हालसम्म पोर्टलमा अपडेट हुन सकेको छैन |यसै कारण कयौं कर्मि का पत्तो लगाउन समस्या भइरहेको छ|एक वरिष्ठ अधिकारी ने शनिवार को बताया कि जिला निरीक्षकों के कार्यालय लगातार मेहनत कर रहे हैं। सभी संदिग्ध कर्मियों की जानकारी इकट्ठा करने के लिए अलग-अलग जिलों में पत्र भेजे जा रहे हैं।अर्कोतिर स्थिति अझ जटिल तब भएको छ जब 10 अप्रैल महिनाको वेतन पोर्टल अपडेट भए पश्चात पनि 25 हजार 753 कर्मीहरुको नाम अहिले पनि सिस्टम मा दर्ता भएको छ |यी तिनै कर्मचारीहरु हुन् जसको नियुक्ति सर्वोच्च न्यायालय को आदेशपछि रद्द गरिएको थियो | यस लापरवाही लिएर कलकत्ता उच्च न्यायलयमा अवमानना याचिका पनि दर्ता गरिएको छ | याचिकामा राज्य सरकार अनि पश्चिम बंगाल विद्यालय सेवा आयोग माथि सर्वोच्च न्यायालयको आदेशलाई अवहेलना गरिएको आरोप लगाइएको छ |यसै बीच, असली उम्मीदवारहरुले पनि आंदोलन तीव्र गरेका छन् | उनीहरुको मांग यो छ कि सरकारले शीघ्र "दागी" अनि "असली" उम्मीदवारहरुको अलग-अलग सूची प्रकाशित गरुन्। उल्लेखनीय छ यसै महिनाको शुरुआत मा सर्वोच्च न्यायालयको पीठले 2016 शिक्षक भर्ती पैनललाई पूर्ण रुपमा रद्द गरेको थियो |

****** ० ******

**शिवकुमार राई- जन्म जयन्ती**

गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा नेपाली साहित्यका मूर्धन्य साहित्यकार शिवकुमार राईको 107 औं जन्म जयन्ती समारोह सम्पन्न भएको छ। खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा सम्पन्न भएको शिवकुमार राई जन्म जयन्ती समारोहको अध्यक्षता गोर्खा जनपुस्तकालयको अध्यक्ष रबीनकुमार प्रधानले गरेका थिए भने प्रमुख अतिथिको रूपमा साहित्यकार एंव प्राध्यापक डा बासुदेव पुलामी उपस्थित रहेका थिए। कार्यक्रममा विशिष्ट अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको मातृ एंव शिशु कल्याण विभागको कार्यकारी सभासद कल्पना प्रधान, वरिष्ठ समाजसेवी तिलक शर्मा, वरिष्ठ साहित्यकार पूर्ण गुरुङ 'निरुपम', आकाशवाणी खरसाङका पूर्व कार्यक्रम प्रमुख पारसचन्द्र आले, पूर्व वरिष्ठ उदघोषिका तारा सिन्हा, वरिष्ठ साहित्यकार जीबी बल र जयप्रकाश लामा, शास्त्रीय संगीतको गुरु गोबिन्द सिंह घतानी अनि वरिष्ठ नाट्य कलाकार बिनोदप्रकाश शर्मा उपस्थित रहेका थिए।

****** ० ******

**अल इण्डिया शेर्पा एसोसिएशन**

अल इण्डिया शेर्पा बुद्धिष्ट एशोसिएसनका अनि ग्लोबल शेर्पा एसोशिएसनको तत्वावधानमा आज मङ्पूस्थित लाब्दामा एउटा सभा सम्पन्न भयो । जसमा अल बेङ्गल शेर्पा एसोसिएशन, अल इण्डिया शेर्पा बुद्धिष्ट एसोसिएशन, असम शेर्पा बुद्धिष्ट एसोसिएशन, दिल्ली शेर्पा एसोसिएशन, डेन्जोङ शेर्पा एसोसिएशन आदि संस्था -हरुलाई लिएर सभा डाकिएको थियो ।सर्व भारतीय स्तरमा शेर्पा बुद्धिष्ट एसोसिएशनको पञ्जीकरण गराउन तथा बुद्धगयामा एउटा शेर्पा भवन निर्माण गरिने अनि वर्ष २०२६ पछि ग्लोबल शेर्पा एसोसिएशनको रणनीति कस्तो हुनुपर्ने भन्ने विषयमाथि यो बैठक डाकिएको थियो ।

****** ० ******

**पोख्रेबोङ -सरसफाइ**

पोख्रेबोङ बजारका लागि अत्यन्त महत्वपूर्ण रहेको ऐतिहासिक खानेपानीको मुहानको सरसफाइ कार्य सम्पन्न गरिएको छ। पोख्रेबोङ बजार सद्भावना समाजको पहलमा आज सम्पन्न भएको सरसफाइ अभियानले मुहानलाई सफा बनाउन महत्वपूर्ण भूमिका खेलेको छ। लामो समयदेखि सरसफाइ नहुँदा मुहानमा धेरै मैला तथा फोहोर जम्मा भइसकेको थियो। स्थानीयहरूले मुहान नजिकै मैला र फोहोर फाल्दै आएका कारण पनि पानी प्रदूषित हुँदै गएको स्थानीय बासिन्दाहरूले बताएका छन्। यही समस्यालाई गम्भीर रूपमा लिएर समाजले सामूहिक रूपमा सफाइ कार्य आयोजना गरेको हो। स्थानीयवासी तथा बजार क्षेत्रमा बसोबास गर्ने सबैलाई खानेपानीको मुहान छेउ-छाउ मैला अनि अन्य फोहोर नफालिदिने अपिल गरिएको छ।

****** ० ******

**फुटबल टुर्नामेन्ट**

खरसाङ महकुमा खेलकूद संघको आयोजनामा भोलि आइतबारदेखि चानमारी खेल मैदानमा स्व दिवस लामा स्मृति अण्डर १७ खरसाङ प्रिमियर लिग फुटबल टुर्नामेन्ट शुरु हुने भएको छ। चानमारी खेल मैदानलाई खेल योग्यको बनाउन खरसाङ महकुमा खेलकूद संघका पदाधिकारीहरुले खेल मैदान सर सफाई साथै खेल्न योग्यको बनाउन कार्य गरेका छन्।

****** ० ******

**काठमांडू प्रदर्शन**

पहलगाममा एक नेपाली नागरिक सहित निर्दोष पर्यटकहरूमाथि भएको आतंकवादी हमलाको विरोधमा नेपालमा धेरै विरोध प्रदर्शनहरू भएका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टीले पाकिस्तान समर्थित आतंकवादको निन्दा गर्दै ब्यानर बोकेर मार्च निकाल्यो। कैयन अन्य संगठनहरुले पनि राजधानी काठमाडौं स्थित पाकिस्तानी दूतावासमा प्रदर्शन गरे। सूत्रहरु अनुसार प्रदर्शनकारीहरूले आतंकवादी हमलाको निन्दा गर्दै नेपाल स्थित पाकिस्तानी दूतावासमा एक ज्ञापनपत्र पनि सुम्पिए र पाकिस्तानले आतंकवादलाई समर्थन गर्न बन्द गर्नुपर्ने माग गरेका छन्।

****** ० ******